News Release

American Center, Embassy of the United States
Yak & Yeti Complex (West Wing), Kathmandu. Tel: 444-5577
माघ १६, २०६३

कानुनी शिक्षालयलाई अमेरिकी सहयोग

अमेरिकी राजदूत जेम्स एफ मोरियार्टीले आज काठमाडौं स्कूल अफ ल अन्तर्गत विस्तारित पुस्तकालय र कम्प्युटर कक्षहरुको उद्घाटन गर्नुभयो । अमेरिकाको नेपालस्थित नियोगअन्तर्गतको एक निकाय - यु.एस.ए.आइ.डि./नेपाल - ले उक्त कक्षहरुको स्थापनाका लागि एशिया फाउन्डेशनमार्फत् ८४ हजार ६७५ अमेरिकी डलर अनुदानस्वरुप प्रदान गरेको हो । यु.एस.ए.आइ.डि./नेपालको यस सहयोगका अतिरिक्त एशिया फाउन्डेशनले आफ्नै 'एशियाका लागि किताब' कार्यक्रमअन्तर्गत २ लाख ५० हजार अमेरिकी डलर मूल्यबराबरका किताबहरु सहयोगस्वरुप प्रदान गरेकोछ ।

यस सहयोग कार्यक्रमअन्तर्गत कानुन तथा अन्य सामाजिक विषयका गरेर ४ हजार ५ सय भन्दा बढी संख्यामा किताब र सन्दर्भ सामग्रीहरु उपलब्ध गराइएको छ । काठमाडौं स्कूल अफ लले यसका अतिरिक्त द्वन्द्व, संवैधानिक कानुन, पिछडिएका समुदाय, आदिवासी, तथा अन्य समसामयिक विषयका विभिन्न किताबहरु पनि संग्रहमा राखिसकेको छ । यस पुस्तकालयको सन्दर्भ शाखामा नेपाल, भारत र अमेरिकाका विभिन्न अदालती निर्णयका दस्तावेजहरु पनि उपलब्ध छन् । प्रस्तुत सहयोगबाट स्कूलले विद्यार्थी तथा शिक्षकहरुको प्रयोगका लागि २० थान कम्प्युटर तथा अन्य प्राविधिक सामग्रीहरु पनि खरिद गरेकोछ । ल्यापटप कम्प्युटरको प्रयोगका लागि ताररहित इन्टरनेट जोडिसकिएको छ । साथै विद्यार्थीहरुको अभ्यासका लागि मुटकोर्ट र प्रयोगात्मक इजलासहरुको पनि स्थापना गरिएको छ । अभ्यासका लागि बहस कार्यक्रमहरु हरेक शुक्रबार सञ्चालन गरिन्छ ।

सन् २००० मा स्थापना गरिएको काठमाडौं स्कूल अफ लले कक्षागत प्रशिक्षण तथा कानुनी परामर्श अभ्यास जस्ता तरिकाहरुमार्फत् विद्यार्थीहरुलाई कानुनी शिक्षा दिने गर्दछ । यहाँको पुस्तकालयमा रहेका धेरैजसो सामग्रीहरु पुराना भैसकेका कारण विद्यार्थी र शिक्षकहरुका लागि अध्ययनमा कठिनाइ भइरहेको अवस्थामा यो सहयोग गरिएको हो । यहाँ कानुनका विशिष्टीकृत विषयका किताबका अतिरिक्त अन्य सन्दर्भ सामग्रीको पनि अभाव रहेको थियो । यो समस्याको समाधानका लागि तथा यस शिक्षालयबाट प्रदान गरिने कानुनसम्बन्धी शिक्षाको गुणस्तरमा सुधार ल्याउन यु.एस.ए.आइ.डि./नेपालले सहयोग गरिरहेकोछ । यस्तो सुधारले नेपालमा कानुन व्यवसायीहरुको विकासका क्षेत्रमा सहयोग पुऱ्याउनका साथै नेपालमा कानुनी शासनको स्थापना र न्यायमा पहुँच बढाउनेतर्फ पनि सहयोग पुऱ्याउनेछ ।

USAID | नेपाल
अमेरिकी जनताबाट

अमेरिकी सरकारले अन्य देशका जनताहरुको जीवनस्तर सुधार्नका लागि अमेरिकी जनताबाट प्राप्त हुने सहयोगलाई यु.एस.ए.आइ.डि.का माध्यमबाट उपलब्ध गराउने गरेको छ । यस्ता सहयोगहरु प्राकृतिक प्रकोप पीडितलाई उद्धार गर्नेदेखि लिएर स्वतन्त्र र लोकतान्त्रिक राष्ट्र निर्माणसम्मका कार्यहरुमा प्रदान गरिन्छन् । यु.एस.ए.आइ.डि./नेपालले विगत ५६ वर्षदेखि नेपाली जनतालाई द्वन्द्व न्यूनीकरण, शान्ति स्थापना, लोकतन्त्र, सुशासन, स्वास्थ्य, परिवार नियोजन, आर्थिक वृद्धि, प्रकोप व्यवस्थापन तथा अन्य मानवीय मामिलाका क्षेत्रमा सहयोग पुऱ्याउँदै आएकोछ ।